प्रेस नोट

कर्णाली प्रदेश विकास परिषद्को दोस्रो वैठक मिति २०७८ वैशाख १२ गते दिउँसो ११ वजे कर्णाली प्रदेश सरकारका मा. मुख्यमन्त्री महेन्द्रबहादुर शाहीज्यूको अध्यक्षतामा बस्दैछ । वैठकले कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको कार्यान्वयनका विषयमा छलफल गर्नेछ । साथै उक्त वैठकमा चालु आर्थिक वर्ष २०७७।०७८ को नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन र आगामी आर्थिक वर्षका लागि लिनुपर्ने नीति, कार्यक्रम र बजेट सम्बन्धी राय सुझाव लिइनेछ ।यस्तै परियोजना बैंक र लगानी सम्मेलन तथा सह-लगानीका सम्बन्धमा पनि बैठकमा छलफल गरी परिषद्को मार्गदर्शन लिइनेछ ।

प्रदेश विकास परिषद्को दोस्रो वैठक आयोजना तयारी व्यवस्थापन समिति, २०७८ को लागि मिति २०७८ वैशाख ६ गते बसेको बैठकले निर्देशक समिति, सचिवालय, सूचना, सञ्चार तथा जनसम्पर्क समिति, वैठक स्थलको व्यवस्थापन र शिष्टाचार समिति, वित्त तथा लजिष्टिक व्यवस्थान समिति र प्रतिवेदन समिति निर्माण गरेको र सोही अनुसार काम भइरहेको छ ।

कर्णाली प्रदेश सरकार, कर्णाली प्रदेश योजना आयोगले आयोजना गरेको उक्त वैठकमा सबै मन्त्रालयका मन्त्रीहरु, प्रदेश सभा दलका प्रमुख नेताहरु, प्रदेश सभाका विभिन्न समितिका अध्यक्षहरु, प्रदेश योजना आयोगका पदाधिकारीहरु, प्रदेशका सबै सचिवहरु, जिल्ला समन्वय प्रमुखहरु, नगरपालिकाका प्रमुखहरु, गाउँपालिकाका अध्यक्षहरु, विभिन्न क्षेत्रबाट मनोनित ५ जनालाई आमन्त्रित गरिएको छ । वैठक भर्चुअल रुपमा सञ्चालन हुने भएको छ भने यस वैठकमा कर्णाली विज्ञ समूहका साथै लब्ध प्रतिष्ठित व्यक्तिहरुलाई पनि आमन्त्रित गरिएको छ ।

आज मा. उपाध्यक्ष डा. सर्वराज खड्काज्यूको अध्यक्षतामा बसेको सचिवालय वैठकले कार्यतालिका अनुमोदन गर्नुका साथै सबै समितिलाई कार्य सम्पादनको जिम्मेवारी दिएको जानकारी तपाईको लोकप्रिय सञ्चार माध्यमबाट सम्प्रेषण गर्न अनुरोध गरिन्छ ।

धन्यवाद !

२०७८ वैशाख ११

.....

डा. दीपेन्द्र रोकाया

संयोजक

प्रदेश विकास परिषद्को दोस्रो वैठक तयारी समिति

वीरेन्द्रनगर, सुर्खेत

नेपाल